परिच्छेद–२

पदीय आचरण सम्बन्धी व्यवस्था

३. पदीय मर्यादा कायम राख्नु पर्नेः (१) शिक्षक-कर्मचारी आफ्नो पदीय जिम्मेवारीको पालना गर्दा सदैव राष्ट्र र जनताको वृहत्तर हितलाई ध्यानमा राखी प्रचलित कानूनको अधीनमा रही गर्नुपर्नेछ।

(२) शिक्षक-कर्मचारी नेपाल राष्ट्र तथा सरकारप्रति वफादार रही आफ्नो सेवाको मर्यादा र गरिमामा आँच पुग्ने गरी कुनै पनि काम नगर्न र हुन नदिन सदा सचेष्ट रहनुपर्नेछ।

(३) शिक्षक-कर्मचारी आफ्नो सेवालाई मर्यादित बनाउन सदैव सकारात्मक रहनुपर्ने तथा अरुको लागि अनुकरणीय हुने गरी सबैलाई शिष्ट तथा मर्यादित व्यवहार गर्नुपर्नेछ।

(४) शिक्षक-कर्मचारी आफ्नो पद अनुरुपको जिम्मेवारी तदारुकताका साथ पालना गर्नुपर्नेछ।

(५) कुनै पदमा बहाल रहेको शिक्षक-कर्मचारीले निजको विद्यालयमा पालना गर्नुपर्ने आचरण सम्बन्धी बेग्लै व्यवस्था भएकोमा त्यस्ता आचरणको समेत पालना गर्नुपर्नेछ।

४. उचित र समान व्यवहार गर्नेः शिक्षक-कर्मचारीले जात, जाति, धर्म, भाषा, लिङ्ग, उमेर, राजनीतिक वा सामाजिक हैसियत, भौगोलिकता, राजनीतिक दृष्टिकोण, पहुँच वा सम्बन्ध, शारिरीक अवस्था, वैवाहिक स्थिति वा अन्य कुनै पनि आधारमा भेदभाव नगरी सबैलाई सम्मानका साथ उचित र समान व्यवहार गर्नुपर्नेछ।

५. विद्यालय समयमा विद्यालयसँग सम्बन्धित काम मात्र गर्नुपर्नेः शिक्षक-कर्मचारी विद्यालय समयमा विद्यालयको कामको लागि निर्धारित स्थानमा रहेर विद्यालयको काम मात्र गर्नुपर्नेछ र विद्यालय समयमा विद्यालयको कामसँग असम्बन्धित व्यक्तिगत वा अन्य कुनै क्रियाकलापमा संलग्न हुनु हुँदैन। तर विद्यालयको काममा बाधा नपर्ने गरी सार्वजनिक क्षेत्रमा सञ्चालित विश्वविद्यालय वा सार्वजनिक क्षेत्रमा तालीम, प्रशिक्षण सञ्चालन गर्ने प्राज्ञिक वा अन्य शैक्षिक संस्थामा आफ्नो पेशा वा कार्यसँग सम्बन्धित विषयमा प्रशिक्षण दिन बाधा पर्नेछैन।

६. विद्यालयका सामान तथा सुविधाको दुरुपयोग गर्न नहुनेः

(१) शिक्षक-कर्मचारीले विद्यालयको प्रयोजनको लागि रहेका मेशिनरी यन्त्र वा अन्य साधन तथा सुविधाहरुको व्यक्तिगत प्रयोजन वा फाइदाको लागि प्रयोग गर्नु हुँदैन। सुविधाहरु प्रधानाध्यापक अथवा अधिकार प्राप्त अधिकारीको लिखित आदेश बिना विद्यालयबाट अन्यत्र लैजान तथा अन्य व्यक्तिलाई प्रयोग गर्न दिन हुँदैन।

(२) शिक्षक-कर्मचारी पदीय हैसियतमा प्राप्त गरेको हक, अधिकार, सुविधा वा सहुलियतको दुरुपयोग गर्नु हुँदैन।

CamScanner